

# १३ विश्वासमा कदम

<u>*यस अध्यायका मूल पदहरू:*</u> फिलिप्पी २:५-११, मत्ती ४:१८-२०, प्रेरित ९:३-६, १०-२०, यूहन्ना २१:१५-१९ र १ यूहन्ना ३:१६-१८।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"५ तिमीहरूमा यस्तो मन वा दिमाग होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ उहाँ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मानिस भएर जन्मनुभयो।" (फिलिप्पी २:५-७ रूपान्तरित)।**

दुःख, कष्ट, रोगव्याधी, आतङ्क र मृत्युले अड्डा जमाएको यस यस संसारमा येशू आउनुभयो ताकि उहाँले परमेश्वरपिताको प्रेमलाई प्रकट गर्नुभएर मानव जातको स्नेह तथा मायालाई जितेर आफूतिर आकर्षित गर्न सकुन् र सारा मानव जातिलाई पापबाट उद्धार गर्न सकुन्। "परमेश्वरको सिहाँसन सामु मुक्ति पाएकाहरू मुक्तिदातासँग नउभिउञ्जेल हाम्रो मुक्तिको निम्ति कस्तो मोल चुकाउनु परेको थियो भन्ने आत्मज्ञानमा कहिल्यै पनि आउन सक्दैनौं। जब अनन्त र स्वर्गको घरको तेजस्वीमय महिमाहरू प्रज्वलित भएर अचानक त्यसको चमकले हामीलाई मोहित पार्दछ तब हाम्रो निम्ति येशूले ती सबै थोक छोड्नुभएको हामीले याद गर्नेछौं। उहाँ स्वर्गका राजमहलहरूमात्र छोडेर यस पापी संसारमा प्रवासी जीवनमात्र बिताउनुभएन हाम्रो निम्ति उहाँले असफलता र आफ्नो अनन्त अस्तित्वलाई नै जोखिममा पार्नुभएको थियो। अनि हामीले हाम्रा मुकुटहरू उहाँको पाऊसामु चढाउनेछौं र यसो भनेर गीतको आवाज उठाउनेछौं "१२ तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका

हुनुहुन्छ।" (प्रकाश ५:१२)।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्*, पृ. १३१बाट रूपान्तरित।

हाम्रो मुक्तिको निम्ति येशूले गर्नुभएको त्याग कतिको छ भनेर हामीले कहिल्यै पनि गन्न सक्दैनौं। जब उहाँको अगुवाईलाई हामी स्वीकार्दछौं, उहाँको आदेशलाई मान्न सहस्र तयार हुन्छौं र उहाँको राज्यको निम्ति पापमा फसेका मानिसहरूलाई उद्धार गर्न उहाँसँग एक हुन्छौं तब त्यसले हामीबाट पनि त्यागमा सहभागी हुन आह्वान हामीमा घन्किरहेको हुन्छ। हाम्रो त्याग उहाँको जोरिमा कहिल्यै पनि आउन नसक्ने भएतापनि अरूलाई सुसमाचार सुनाएर उहाँको साथी बनाउनु र उहाँको भक्त बनाउनु भनेको हाम्रो निम्ति विश्वासमा फाल हाल्नु जस्तै हो। हाम्रो सुविधायुक्त क्षेत्रबाट थाहा नभएको समुद्र वा क्षेत्रमा पस्न येशूमाथिको मोहले हामीलाई तान्दछ। हाम्रो प्रभुले हामीबाट त्यागको निम्ति आह्वान गर्नुहुन्छ। तर त्यसबाट उहाँले हामीलाई दिने आनन्द हामीले सोचेको भन्दा महान् छ।

## १. येशूको निस्वार्थी प्रेमको त्याग

ख्रीष्टको दिमाग हामीमा रहन "देऊ" वा "अनुमती देऊ" वा "रहोस्" भनेर प्रेरित पावलले हामीलाई घचघच्याउँछ। यस आग्रहले केही उत्सुक प्रश्नहरू हामीमा उब्जाउँछ। येशूको दिमाग वा सोच कस्तो थियो त? उहाँको दिमागमा कस्तो खालको कुराले पक्रि राखेको थियो त? उहाँले सोच्नुभएको मूल विषयबस्तु के हो त? उहाँको सोच वा दिमागलाई कसले बशमा पारेको थियो त? आदि

**फिलिप्पी २:५-११मा येशूको सोचको केन्द्रविन्दु वा मुटु क हो र कुन ढाँचाले उनको सम्पूर्ण जीवनलाई ढालेको थियो भनेर बताइएको छ। हेर्नुहोस् "५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो। ९ त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमाथि र**

**पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।" माथिको मूल सार पदलाई रूपान्तर गर्दा यसरी गर्न सकिन्छ "जुन दिमाग वा सोच येशूमा थियो त्यो तिमीहरूमा पनि होस्। उहाँ परमेश्वरको स्वरुप भएर पनि जब मानव अवतार लिनुभयो तब परमेश्वरसँग प्रतिस्पर्धा गरेर उहाँको बराबरीमा आउन उहाँको इज्जतलाई लुट्न चाहनुभएन। तर उहाँले आफ्नो भाऊ र इज्जतलाई नखोजि एक किनिएको दास जस्तो हुनुभएर मानिसको स्वभाव लिनुभयो" (फिलिप्पी २-५-७ रूपान्तरित)।**

अनन्तकालभरि येशू परमेश्वरको बराबरीमा हुनुहुन्थ्यो। पावलले यी शब्दहरू त्यो अनन्त सत्यलाई यसरी व्यक्त गर्दछन् "परमेश्वरको स्वरुपमा भएतापनि जब उहाँले मानव अवतार लिनुभयो तब त्यस मानव स्थितिमा रहेर उहाँ परमेश्वरको बराबरीमा हुनु वा उहाँको भाऊ वा सम्मान खोज्नु त्यो त उहाँमाथि सरासर डकैती गर्नु हो भनेर येशूले ठान्नुभएको थियो" फिलिप्पी २:६ अनुवादकको रूपान्तरित)। "स्वरुप" भन्ने शब्द ग्रीक भाषामा *मोर्फे* (*morphē*) भनेर अनुवाद गरिएको छ। यसको अर्थ जुन बस्तुलाई औंल्याएर सम्बोधन गरिएको थियो स्वरुप पनि त्यही बस्तु हो अर्थात् औंल्याइएको तत्वमा रहेको मूल गुण वा स्वभाव त्यो औंल्याएको तत्वमा पनि हुन्छ। दुई तत्वहरूको मूल्यमान्यता एकैनासको छ भनेर "स्वरुप" भन्ने शब्दले जोड्दछ। द *एसडिए बाइबल कमेन्टरीमा* यस मतलाई यसरी व्याख्या गरिएको छ "यस "स्वरुप" शब्दले ख्रीष्टलाई पिताको बराबरी वा समानमा राख्दछ र अरू कुनै पनि शक्तिभन्दा माथि उहाँलाई बसालिनुभएको छ। येशू ख्रीष्टले आफ्नो इच्छाले होचिनुभएको गहिऱ्याइलाई देखाउन पावलले अझ प्रस्तरूपमा उहाँको चित्रण गर्दछन्।"-ठेली ७, पृ. १५४बाट रूपान्तरित। येशूको अनन्त स्वभावको बारेमा व्यक्त गर्दै एलेन जी ह्वाइटले यसरी थप्दछिन् "येशू ख्रीष्टमा रहेको जीवन कुनै थोकबाट उत्पति नभएको वा आफ्नै मौलिकता थियो, कसैबाट सापटि लिएको वा कुनै स्रोतबाट उत्पन्त वा आएको थिएन।"-द डिजाएर अभ एजेज्, पृ. ५३०बाट रूपान्तरित। ("In Christ is life, original, unborrowed, underived."—*The Desire of Ages,* p. 530)।

येशू सबै अनन्त समयदेखि परमेश्वरको बराबरी वा उहाँको समानमा हुनुहुन्थ्यो तर जब मानव अवतार लिनुभयो तब "उहाँले आफ्नो इज्जत वा

सम्मान" त्यागनुभयो" (फिलिप्पी २:७ रूपान्तरित)। यो पनि ग्रीक भाषामा व्यक्त गरिने भनाई हो। यसको अर्थ अक्षरसरूपमा वा वास्तविकरूपमा रित्याइएको भन्ने बुझाउँछ वा केवल अवधारणामामात्र होइन। येशू स्वइच्छाले "आफूलाई रित्याउनुभयो" केबाट भन्दा उहाँका विशेषाधिकार र परमेश्वरको बराबरीमा पाउने परमअधिकार वा सुविधालाई त्यागनुभएको थियो ताकि उहाँ मानिसको स्वरुप लिनुभएर सारा मानव जगतको निम्ति विनम्र सेवक हुनुपरोस्। सेवक भएर उहाँले सारा जगतको सामु परमेश्वरको प्रेमको नीति वा कानूनलाई प्रकट गर्नुभएको थियो र क्रुसमा मर्नुभएर त्यो प्रेमको पराकाष्टालाई देखाउनुभएको थियो। हामी अनन्तसम्म बाँचिरहोस् भनेर उहाँले हाम्रो निम्ति आफ्नो जीवन दिनुभयो।

येशूको सोच वा दिमागको मूल विषयबस्तु नै प्रेमको निम्ति आफ्नो स्वार्थलाई त्यागनु वा बलि चढाउनु हो। उहाँको पछि लाग्छु भन्नुको अर्थ वा उहाँको भक्ति हुनुभनेको सही अर्थ नै उहाँले जस्तै हामीले पनि प्रेम गर्नु हो, उहाँले जस्तै हामीले पनि सेवा गर्नु हो, उहाँले जस्तै अरूको उपकारमा हामी पनि खट्नु हो। पवित्र आत्माद्वारा येशूले हाम्रो जीवनमा काम गर्न दिनुभएर हाम्रो स्वार्थी महत्वाकाँक्षालाई खालि गर्नु हो जसले गर्दा हामीले कुनै न कुनै मोल चुकाउनुपर्दछ। येशूले आफ्नो सबै थोकलाई जोखिममा पार्नुभएको थियो। हाम्रो निम्ति उहाँले सबै मूल्य, मान्यता, वैभव, इज्जत, सम्मान, परमेश्वरमा भएको अधिकार आदि त्यागनुभएकव थियो। "त्यसैकारण" धर्मशास्त्र बाइबलले भन्दछ "परमेश्वरले उहाँलाई उच्च स्थानमा राख्नुभयो र प्रत्येक नाउँको माथि उहाँको नाउँलाई राख्नुभयो"(फिलिप्पी २:९ रूपान्तरित)।

स्वर्गको मोल वा स्वर्ग पाउनेको तुलनामा संसारमा हामीले त्यागनुपरेको कुनै थोक केही पनि होइन। जब हामी येशूभक्तको जीवन बिताउँछौं तब बिताउँदै जाने क्रममा त्यागहरू गर्नुपर्ने हुन्छ तर सेवा गर्दा पाउने आनन्दले ती सबै त्यागहरू हलुका हुन्छन्। अनि सारा अनन्तकालभरि येशूसँग रहिरहने अनन्तको आनन्द र खुशियालीको सामु हामीले गर्ने कुनै पनि त्याग केही पनि होइन जस्तो हुनेछ।

**येशू ख्रीष्टको निम्ति तपाईं आफ्नो त्याग खप्नुपरेको अन्तिम पटक कहिले थियो? तपाईं येशूभक्त भएर उहाँको चालमा कसरी चलिरहनुभएको छ भनेर तपाईंको जवाफले कसरी बताउँछ?**

## २. समर्पित हुन वा सुसमाचार सुनाउन प्रतिवद्धता हुन आह्वान

तपाईं सिमोन पत्रुस र आन्ड्र्यु हुनुभएको कल्पना गर्नुहोस्। गालिलको समुद्रमा रातको चिसो हावालाई हटाउँदै भर्खरै घाम उदाएको थियो। तपाईंहरूको सोच एउटामा केन्द्रित भएको थियो, त्यो थियो माछा समात्ने, त्यो पनि धेरै। हालसालै माछा मार्ने काम राम्रै भएको थियो र अर्को दिन पनि माछा धेरै समात्ने सुरमा तपाईंहरू हुनुहुन्छ। अनि एकाबिहानै घामको झुल्कोमा उहाँ आइरहनुभएको तपाईंहरूले देख्नुहुन्छ, उहाँ हुनुहुन्थ्यो नासरथको येशू। तपाईंहरूको जीवनमा उहाँको आगमनले तपाईंहरू पूरै परिवर्तन हुनुहुनेछ भन्ने कुरालाई तपाईंहरूले सोच्नै भएको थिएन। तपाईंहरू अब पहिलेको जस्तो कहिल्यै हुनुहुने छैन।

**मत्ती ४:१८-२० पढ्नुहोस्। येशूले पछ्याऊ भन्नुभएकै भरमा पत्रुस र आन्ड्र्युले आफ्ना जीवन उहाँलाई पछ्याउन कट्टर समर्पण गर्न किन चाहना गरे होलान्? तिनीहरूको जीवन केवल माछा मार्नमात्र होइन तर त्यो भन्दा पनि उच्च लक्ष हासिल गर्न येशूले तिनीहरूलाई बोलाउनुभएको थियो भनेर ती पदहरूले कसरी आभास् दिन्छन्? हेर्नुहोस्, "१८ गालील-समुद्रको किनारमा हिँड्नुहुँदा उहाँले पत्रुस भन्ने सिमोन र तिनका भाइ अन्द्रियास, दुवै भाइलाई समुद्रमा जाल हानिरहेका देख्नुभयो। तिनीहरू मछुवा थिए। १९ उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउनेछु।" २० तब उत्तिखेरै जालहरू छोड़ेर तिनीहरू उहाँको पछि लागे।"**

ती मानिसहरूले येशूको बारेमा एक वर्षदेखि केही न केही कुरा थाहा थियो भनेर यूहन्नाको सुसमाचारको पुस्तकबाट हामी सिक्दछौं तर तिनीहरूले उहाँको बारेमा थाहामात्रै भएको तर उहाँलाई आफ्ना जीवनहरू पूरा समर्पण गरेका थिएनन्। तैपनि येशूको परमेश्वरीय व्यक्तित्वमा केही थियो जसले गर्दा उहाँ रुप, वचन र क्रियाकलापले ती गालिलका मछुवाहरूलाई परमेश्वरको काम गर्न उहाँले आमन्त्रण गर्दै हुनुहुन्छ। एकएक तिनीहरूले आफ्ना ढुङ्गाहरू, गरिरेका कामहरू र परिचित वातावरणहरूलाई छोडेर उहाँको पछि लाग्नुको अर्थ तिनीहरूलाई उच्च लक्ष्यको निम्ति येशूले बोलाइरहनुभएको महसुस गरेका थिए। ती साधारण मछुवाहरूलाई असाधारण काम गर्न बोलाइएको हो भनेर तिनीहरूले थाहा पाएका थिए। त्यही किसिमले आज पनि तपाईंलाई तपाईंले गरिरहनुभएको साधारण पेशा छोडेर उहाँको पछि लाग्न उहाँले

बोलाइरहनुभएको हुनसक्छ, तर असाधारणा लक्ष्यको निम्तिः त्यो हो उहाँको प्रेम बाँड्न र उहाँको नाउँको महिमा गर्न उहाँको सत्यको निम्ति गवाही दिन।

**मत्ती ९:९मा करको उठाउने मत्तीलाई येशूले बोलाउनुभएको सोच्नुहोस्। यस अंशमा के छ जुन् अत्यन्तै उल्लेखनीय मार्मिक काम देखाएको छ? हेर्नुहोस्: "येशू त्यहाँबाट जानुहुँदा मत्ती भन्ने एक जना मानिसलाई कर उठाउने अड्डामा बसिरहेको देख्नुभयो, र तिनलाई भन्नुभयो, “मेरो पछि लाग।” अनि तिनी उठे र उहाँको पछि लागे।"**

रोमी संसारमा कर उठाउने मानिसहरू प्रायजसो जबरजस्ती पैसा असुल्ने काम गर्दथे। तिनीहरूले आफ्नो आधिकारिक शक्ति प्रयोग गरेर साधारण मानिसहरूलाई दवाउँथे। इस्राएलमा ती मानिसहरूलाई अत्यन्तै घृणा गर्दथे र तिनीहरूमा मानिसको आँखाको अगाडि छारो थिए। जब येशूले उहाँले " मेरो पछि लाग" भनेर आह्वान गर्नुभयो त्यसले गर्दा मत्तीलाई उहाँको बारेमा पहिले नै केही न केही थाहा थियो भन्ने आभास् दिन्छ र उहाँको पछि लाग्न उनको हृदयले घचघचाइरहेको हुनुपर्छ। जब येशूले आह्वान गर्नुभयो तब उनी तयार थिए। उनी येशूका चेलाहरूमध्ये आफूलाई पनि एक हुन उहाँले छान्नुभएकोमा उनी अचम्म मानेका थिए।

यस जीवनमा हामी जुनसुकै पेशा, सुविधायुक्त जीवन नै किन बिताइनरहुन् खालि तिनीहरूमामात्र नअलमिलन हाम्रो जीवनमा केही न केही लक्ष्य छ भन्ने हाम्रो भित्री चेतनामा घचघचाइरहेको हुन्छ। कुनै महान्, अर्थमूलक र आदर्श जीवनको निम्ति बाँचिरहेकाछौं भन्ने आशा बोकिरहेका हुन्छौं। त्यसकारण, येशूले हामीलाई मत्तीलाई जस्तै उहाँलाई पछ्याउन बोलाउनुहुन्छ।

**तपाईंको सम्झनामा ती मानिसहरूको बारेमा सोच्नुहोस् जसले येशूलाई पछ्याउन केही न केही त्याग गरेका थिए। आखिरमा त्यो त्याग अर्थमूलक भएको थियो भनेर के तपाईंले सोच्नुभएको छ?**

## ३. परमेश्वरले चुन्नुभएको भाँडोः पावल

जब पावलले येशूलाई ग्रहण गर्नुभयो तब उनको पूरै जीवनमा आमूल परिवर्तन आएको थियो वा उनको कायापलट भएको थियो। येशूले उनलाई पूरै नयाँ भविष्य दिनुभएको थियो। आफ्नो सुविधायुक्त, इज्जतदार र प्रतिष्ठित

समाजबाट उनलाई यस्तरी डोऱ्याइएको थियो कि उनले पहिले कहिल्यै पनि सोचेका थिएनन्। पवित्र आत्माको अगुवाईमा उनले तत्कालिन भूमध्यसागरको विश्वमा हजारौंलाई सुसमाचार सुनाएका थिए। उनको गवाहीले इसाई इतिहास र संसारको इतिहास नै परिवर्तन भएको थियो।

**देहायका विशेष पदहरूले के देखाउँदछ कि पावलको जीवनमा येशूले परमेश्वरीय लक्ष्यको निम्ति चुन्नुभएको थियो? हेर्नुहोस्, विशेष गरेर प्रेरित ९:१-६,१०-२० "१ शाऊल प्रभुका चेलाहरूका विरुद्धमा अझ पनि धम्की र हत्याको धुनमा प्रधान पूजाहारीकहाँ गए, २ र तिनले त्यस मार्गका पुरुष होस् वा स्त्री, जसलाई फेला पारे पनि तिनीहरूलाई बाँधेर यरूशलेममा ल्याउन पाऊँ भनी दमस्कसका सभाघरहरूको नाउँमा पुर्जी मागे। ३ जब शाऊल यात्रा गर्दै दमस्कसको नजिक पुगे, अचानक स्वर्गबाट एउटा ज्योति तिनको वरिपरि चम्क्यो। ४ तिनी भूइँमा लोटे, र तिनले यसो भन्ने सोर सुने, "शाऊल, शाऊल, तिमी किन मलाई सताउँछौ?" ५ तिनले भने, "प्रभु, तपाईं को हुनुहुन्छ?" अनि उहाँले भन्नुभयो, "म येशू हुँ, जसलाई तिमी सताउँदैछौ। ६ तर उठेर सहरमा जाऊ, र तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताइनेछ।" ७ तिनको साथमा जाने मानिसहरूले सोरचाहिँ सुने, तर कसैलाई नदेख्दा अवाक भई उभिरहे। ८ तब शाऊल भूइँबाट उठे र आँखा खोल्दा तिनले केही पनि देखेनन्, र तिनीहरूले तिनका हात समाती डोऱ्याएर तिनलाई दमस्कसमा ल्याए। ९ अनि तीन दिनसम्म तिनी नदेख्ने भए, र न त खाना खाए न पानी पिए। १० दमस्कसमा हननिया नाउँ भएका एक जना चेला थिए। तिनलाई प्रभुले दर्शनमा भन्नुभयो, "ए हननिया।" तिनले भने, "प्रभु, हाजिर छु।" ११ तब प्रभुले तिनलाई भन्नुभयो, "उठ, र 'सीधा' नामक गल्लीमा जाऊ, र त्यहाँ यहूदाको घरमा शाऊल नाउँ भएका टार्सस-निवासीलाई खोज, किनकि तिनी प्रार्थना गरिरहेका छन्। १२ तिनले दर्शनमा हननिया नाउँ भएका एक जना मानिस भित्र आएर तिनले दृष्टि पाऊन् भनेर आफूमाथि उनका हात राखेका देखेका छन्।" १३ तर हननियाले भने, "प्रभु, यी मानिसले यरूशलेममा तपाईंका सन्तानहरूलाई कत्ति धेरै खराबी गरेका छन्, सो मैले धेरै जनाबाट सुनेको छु। १४ यहाँ पनि तपाईंको नाउँ लिने सबैलाई बाँध्ने अधिकार मुख्य पूजाहारीहरूबाट तिनले पाएका छन्।" १५ तर प्रभुले तिनलाई भन्नुभयो, "जाऊ, किनकि अन्यजातिहरू, राजाहरू र इस्राएलका सन्तानका सामुन्ने मेरो नाउँ प्रचार गर्न तिनी छानिएका मेरा एक पात्र हुन्, १६**

किनकि मेरो नाउँको खातिर तिनले कति कष्ट भोग्नुपर्छ, सो म तिनलाई देखाउनेछु।" १७ तब हननिया गएर त्यस घरभित्र पसे, र तिनीमाथि आफ्ना हात राखेर भने, "भाइ शाऊल, जुन प्रभु येशू तिमी आइरहेको बाटोमा तिमीकहाँ देखा पर्नुभएको थियो, उहाँले नै तिमीले दृष्टि पाऊ र तिमी पवित्र आत्माले भरिपूर्ण होऊ भनी मलाई पठाउनुभएको छ।" १८ तुरुन्तै तिनका आँखाबाट पाप्राजस्ता केही खसे, र तिनले फेरि दृष्टि पाए। तब तिनी उठे र बप्तिस्मा लिए, १९ अनि भोजन खाएर तिनले बल पाए। शाऊल निकै दिनसम्म दमस्कसमा भएका चेलाहरूसँग रहे। २० अनि तुरुन्तै तिनले सभाघरहरूमा येशूको घोषणा यसरी गरे, "उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ।" २१ तब सुन्नेहरू जति सबैले अचम्म मानेर भने, "यो नाउँ लिने जतिलाई यरूशलेममा संहार गर्ने र यहाँ पनि तिनीहरूलाई बाँधेर मुख्य पूजाहारीहरूकहाँ लैजाने अभिप्रायले आउने यही होइन र?" २२ तर शाऊल अझ बढ़ी शक्तिशाली हुँदैगए, र येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने प्रमाण दिएर दमस्कसमा रहने यहूदीहरूलाई अकमक्क पारिदिए।"

आफ्नो नाउँको निम्ति गवाही दिन नसोचेकै र नपत्याएका मानिसहरूलाई येशूले प्रायजसो छान्नुहुन्छ। यही सन्दर्भमा यी मानिसहरूको बारेमा सोच्नुहोस्: दुष्ट आत्माले सताइएका गुमनाम भए मानिसहरू, सामरी स्त्री, बेश्या, सबैको घुणामात्र कर उठाउने मानिस, गालिलका मछुवाहरू। अब राक्षसी स्वभाव लिएर इसाईहरूलाई आतङ्कित पारेर सताउने पावल। ती सबै मानिसहरूलाई येशूले आफ्नो अनुग्रहले परिवर्तन गर्नुभएको थियो र तिनीहरूको जीवनलाई उहाँले कसरी परिवर्तन गर्नुभयो सो हृदयमा आनन्दसाथ सजाएर अरूलाई सुनाउन खटाउनुभएको थियो। ती प्रत्येक व्यक्तिले आफ्नो कथा सुनाउन कहिल्यै पनि थाकेनन्। येशूले तिनीहरूलाई के गर्नुभयो सो यस्तो चकित पार्ने खालको थियो कि त्यो अरूलाई भन्नै पर्ने वाध्य भएको थियो। तिनीहरू चुपचाप बस्न सकेनन्।

प्रेरित २८:२८-३१ र २ तिमोथी ४:५-८लाई तुलानात्मकरूपमा हेर्नुहोस्। येशूको सुसमाचार सुनाउने काममा ख्रीष्टको निम्ति आफूले सुम्पेको जीवनबाट उनी कहिल्यै पनि बिचलित भएका थिएनन् भनेर ती पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्, "२८ "यसकारण तिमीहरूलाई थाहा होस्, कि परमेश्वरको यो मुक्ति अन्यजातिहरूका निम्ति पठाइएको छ, र तिनीहरूले सुन्नेछन्।" [ २९

**अनि तिनले यी वचन भनेपछि, यहूदीहरू आपसमा धेरै वाद-विवाद गर्दै बिदा भए।] ३० पावल पूरा दुई वर्षसम्म आफ्नै खर्चमा रोममा बसे, र तिनीकहाँ आउनेहरू सबैलाई तिनले स्वागत गरे। ३१ तिनले खुल्लमखुल्ला र विनारोकटोक परमेश्वरका राज्यको प्रचार गर्थे, र प्रभु येशू ख्रीष्टको बारेमा शिक्षा दिन्थे।" (प्रेरित २८:२८-३१) र "१ परमेश्वरको सामने र जिउँदा र मरेकाहरूको इन्साफ गर्न आउनुहुने ख्रीष्ट येशूको सामने, अनि उहाँको आगमन र राज्यलाई ध्यानमा राखेर म तिमीलाई कड़ा आज्ञा दिँदछु, २ वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक। ३ किनकि यस्तो समय आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन परेका कुरा मात्र सुन्न चाहनेछन् र आफ्नो रुचिअनुसार शिक्षकहरू थुपार्नेछन्, ४ र सत्य कुरा सुन्नदेखि तर्किजानेछन्, दन्त्यकथाहरूतिर बरालिनेछन्। ५ तिमीचाहिँ दह्रिला होऊ। कष्ट भोग, प्रचारकको काम गर, र तिम्रो सेवाको काम पूरा गर। ६ किनभने, म त बलिको रूपमा अर्पण हुन लागेको छु, र मेरो बिदाइको बेला आएको छ। ७ मैले उत्तम लड़ाइँ लड़ेको छु। मैले दौड सिद्ध्याएको छु। मैले विश्वासलाई बचाइराखेको छु। ८ अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन, तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनुहुनेछ।"**

पावलको जीवनको अन्तमा उनलाई रोममा नजरबन्दमा राखेको थियो। आफू बसेको घरको बहाल आफ्नै हातको कमाइले तिरेका थिए (येशूलाई पछ्याउनु भनेको आफ्नो आयआर्जन गर्ने उचित पेशा छोड्नु होइन भनेर पावलको ज्वलन्त उदाहरणले देखाउँछ-अनुवादकको प्रतिक्रिया)। यस नजरबन्दको परिस्थितिमा पावलले यो प्रतिवद्धता व्यक्त गर्दछन्, "अन्य जातिहरूकहाँ परमेश्वरले दिनुहुने मुक्तिको विषयमा सुनाउन पठाइएको छ र तिनीहरूले सुन्ने छन्!" (प्रेरित २८:२८ रूपान्तरित)। जो जो मानिसहरू उनकहाँ भेट्न आए ती सबैलाई परमेश्वरको वचन सुनाए भनेर लेखोट राखिएको छ (प्रेरित २८:३०,३१)। आफ्नो जीवनको अन्तमा प्रचारकको काम गर्न उनले तिमोथीलाई आग्रह गर्छन् र पावलले आफ्नो बारेमा यसरी ठोकुवा गरेर भन्छन्, "मैले उत्तम लडाइँ लडेको छु। मेरो दौड सकिएको छ। मैले विश्वासलाई राखिछोडेको छु" (२ तिमोथी ४:७ रूपान्तरित)।

हामीलाई पावलको जस्तो नाटकिय ढङ्गमा परमेश्वरले नबोलाउनुहोला तर यस संसारलाई परिवर्तन गर्ने काममा उहाँसँग सहभागी हुन येशूलाई विश्वास गर्छु भन्ने हामी प्रत्येकलाई उहाँले बोलाइरहनुभएको छ। पावलले वर्षौंसम्म अनेकौं दुःखकष्ट जोखिम सहनुपरेतापनि प्रभुले बोलाउनुभएको काममा उनी विश्वाससाथ लागिरहेका थिए (पावलले पाएको कष्टको बारेमा "२१ तर कसैले कुनै कुरामा घमण्ड गर्छ भने, म पनि ती कुरामा घमण्ड गर्छु। हो, म मूर्खझैं बोल्दैछु। २२ के तिनीहरू हिब्रू हुन्। म पनि हुँ। के तिनीहरू अब्राहामका सन्तान हुन्? म पनि हुँ। २३ के तिनीहरू ख्रीष्टका सेवक हुन्? म अझ असल सेवक हुँ- पागलझैं म बोलिरहेछु। मैले ज्यादै परिश्रम गरें। कैदमा अझ धेरै पल्ट परें। अनगिन्ती कोर्रा खाएँ। मृत्युको मुखमा बारम्बार परें। २४ पाँच पल्ट मैले यहूदीहरूका हातबाट एक कम चालीस गरी कोर्रा खाएँ। २५ तीन पल्ट मलाई लौराले पिटे। एक पल्ट ढुङ्गाले हाने। तीन पल्ट म चढ़ेको जहाज ध्वस्त भयो। एक दिन एक रात मैले समुद्रमा नै बिताएको छु। २६ मेरो बारम्बारको यात्रामा म नदीहरूका जोखिममा परें, डाँकूहरूका जोखिममा, आफ्नै जातिका मानिसहरूका जोखिममा, अन्यजातिहरूका जोखिममा, सहरको जोखिममा, उजाड-स्थानको जोखिममा, समुद्रको जोखिममा, झूटा भाइहरूबाट आउने जोखिममा। २७ परिश्रममा र कष्टमा, कति-कति अनिदो रातमा, भोक र प्यासमा, बारम्बार उपवासमा, ठन्डी र नग्नतामा परें। २८ अनि अरू कुराहरूबाहेक सबै मण्डलीहरूका फिक्रीको बोझ ममाथि छ। २९ को दुर्बल छ र मचाहिँ छैनँ? को पापमा फसाइएको छ र मचाहिँ व्याकुल हुँदिनँ? ३० मैले गर्व गर्नु नै पर्ने हो भने, म आफ्नो कमजोरी देखाउने कुराहरूमा गर्व गर्नेछु। ३१ प्रभु येशूका परमेश्वर र पिता, जो सदासर्वदा धन्य हुनुहुन्छ, उहाँले जान्नुहुन्छ, कि म ढाँट्दिनँ। ३२ दमस्कसमा अरितस राजाका हाकिमले मलाई पक्रन दमस्कस सहरमा पहरा राखेका थिए। ३३ तर पर्खालको एउटा झ्यालबाट डालोमा राखेर मलाई तल झारिदिएको हुनाले म तिनका हातबाट उम्कें।" २ कोरिन्थी ११:२१-३३)।

एक समय इसाईहरूलाई भयानक यातना दिने पावल येशूको कसरी भक्त भए र सुसमाचार सुनाउने गतिमा येशूपछिको दोस्रो प्रवाकारी व्यक्तित्व भएको कथा अत्यन्तै प्रभावकारीरूपमा धरोहर भएर इसाई इतिहासमा कुँधिएको छ। जब कसैले आफ्नो जीवन प्रभुको कामको निम्ति समर्पण गरे र उसबाट

उहाँलाई काम गर्न दिए उसको जीवन कस्तो हुनेरहेछ भन्ने ज्वलन्त उदाहरण पावलको जीवनीले बताउँछ।

**परमेश्वरले तपाईंलाई केको लागि बोलाइरहनुभएको छ? के त्यो काम तपाईंले गरिरहनुभएको छ?**

## ४. प्रेमको माग

प्रेमले हात बाँधिएर बस्दैन न त तमासा नै हेरेर बस्छ। प्रेम कुनै काम गर्न सक्रिय हुन्छ। जब हामी येशूलाई प्रेम गर्छौं तब येशूको प्रेम हामीमा हुन्छ र पापमा भौंतारिरहेका मानिसहरूलाई केही न केही गर्न त्यस प्रेमले हामीलाई घचेडि रहेको हुन्छ। कोरन्थीको चर्चका विश्वासीहरूलाई यसबारे चर्चा गरेर आफ्नो धारणा यसरी स्पष्टरूपमा राख्दछ "ख्रीष्टको प्रेमले हामीलाई वाध्य बनाउँछ वा कर गराउँछ" (२ कोरन्थी ५:१४ रूपान्तरित)। इसाई हुनु भनेको केवल सुधारिएको जीवनमात्र होइन जुन सुधार गृहमा गएर आफ्नो आनिबानी सुधार्न सकिन्छ न तब हामीले मुक्ति पाउन् भनेर खराब आचरण वा कुराहरूलाई त्याग्नु हो। येशूले कहिल्यै पनि स्वर्ग जान वा मुक्ति पाउन खराब कुराहरू, कुलतहरू वा आनिबानी त्याग भन्नुभएको थिएन। यथार्थमा येशू आफैले असल कुराहरू छोड्नुभयो वा त्याग्नुभयो ताकि अरूहरूले मुक्ति पाउन्। येशूको कामको निम्ति हाम्रो समय, प्रतिभा, दक्षता र धनसम्पत्तिमात्र होइन हाम्रै जीवन पनि त्याग्न उहाँले हामीलाई आह्वान गर्नुहुन्छ।

गालिलको किनारामा एक दिन बिहान चेलाहरूको सामु परमेश्वरीय प्रेमको माग के हो भनेर उल्लेखनीय रुपरेखा येशूले प्रस्तत गर्नुभएको थियो।

**येशूले पत्रुसलाई तिन पल्ट उनले के प्रश्न गर्नुभएको थियो र उनको उत्तर के थियो? यही विशेष प्रश्न येशूले पत्रुसलाई तिन पल्ट किन गर्नुभएको थियो? हेर्नुहोस्, "४ बिहान हुन लागेको थियो, येशू किनारमा खड़ा हुनुभयो। तर चेलाहरूले उहाँ येशू नै हुनुहुन्छ भनी चिनेनन्। ५ येशूले तिनीहरूलाई भन्नुभयो, "बालक हो, तिमीहरूसँग केही माछा छ?" तिनीहरूले उहाँलाई उत्तर दिए, "छैन।" ६ उहाँले तिनीहरूलाई भन्नुभयो, "जाल डुङ्गाको दाहिनेपट्टि हान, अनि भेट्टाउनेछौ।" तब तिनीहरूले जाल हाने, र माछाहरूको थुप्रोले गर्दा तिनीहरूले जाल तान्न सकेनन्। ७ येशूले प्रेम गर्नुहुने चेलाले पत्रुसलाई भने, "उहाँ प्रभु पो हुनुहुँदोरहेछ।" "उहाँ प्रभु हुनुहुँदोरहेछ" भन्ने सुनेर सिमोन पत्रुसले आफ्नो बाहिरी वस्त्र कम्मरमा लपेटे, किनभने तिनले वस्त्र खोलेका थिए, र समुद्रमा**

हामफाले। ८ अरू चेलाहरू डुङ्गामै बसी जाल तान्दै आए। तिनीहरू किनारदेखि टाढ़ा होइन, तर प्रायः सय मिटर जतिमा थिए। ९ जब तिनीहरू किनारमा उत्रे, तब तिनीहरूले कोइलाको भुङ्ग्रोमा माछा राखिएका र रोटी देखे। १० येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले भर्खरै पक्रेका माछाबाट केही ल्याओ।" ११ तब सिमोन पत्रुसले डुङ्गामा चढ़ेर एक सय त्रिपन्न वटा ठूला-ठूला माछाले भरिएको जाल पाखामा तानी ल्याए, तर यति धेरै भए तापनि जाल फाटेन। १२ येशूले तिनीहरूलाई भन्नुभयो, "आएर खाओ।" चेलाहरूमध्ये कसैले पनि "तपाईं को हुनुहुन्छ?" भनी सोध्ने आँट गरेन, किनकि तिनीहरूले उहाँ प्रभु हुनुहुन्छ भनी जान्दथिए। १३ येशू आउनुभयो र रोटी लिएर तिनीहरूलाई दिनुभयो, र त्यसै गरी माछा पनि दिनुभयो। १४ मृतकबाट जीवित भइउठ्नुभएपछि येशू चेलाहरूकहाँ प्रकट हुनुभएको यो तेस्रो पल्ट थियो। १५ जब तिनीहरूले खाइसके, तब येशूले सिमोन पत्रुसलाई भन्नुभयो, "यूहन्नाका छोरा सिमोन, के तिमी मलाई यिनीहरूभन्दा बढ़ी प्रेम गर्दछौ?" तिनले उहाँलाई भने, "ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।" उहाँले तिनलाई भन्नुभयो, "मेरा पाठाहरूलाई खुवाऊ।" १६ उहाँले फेरि दोस्रो पल्ट तिनलाई भन्नुभयो, "यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्दछौ?" तिनले उहाँलाई भने, "ज्यू, प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।" उहाँले तिनलाई भन्नुभयो, "मेरा भेड़ाहरूको हेरचाह गर।" १७ उहाँले तिनलाई तेस्रो पल्ट भन्नुभयो, "यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्छौ।" पत्रुस दुःखित भए, किनकि उहाँले तेस्रो पल्ट तिनलाई "के तिमी मलाई प्रेम गर्छौ?" भन्नुभयो। तिनले उहाँलाई भने, "प्रभु, तपाईं सब कुरा जान्नुहुन्छ। म तपाईंलाई प्रेम गर्दछु भनी तपाईंलाई थाहा छ।" येशूले तिनलाई भन्नुभयो, "मेरा भेड़ाहरूलाई खुवाऊ। १८ साँच्चै, म तिमीलाई भन्दछु, जब तिमी जवान थियौ तिमी आफैले आफ्नो पटुका बाँध्थ्यौ, र जहाँ इच्छा लाग्छ जान्थ्यौ। तर जब तिमी बूढ़ा हुनेछौ, तब तिमीले आफ्ना हात पसार्नेछौ, र अरूले तिम्रो पटुका बाँधिदिनेछ, र तिमी जहाँ जान चाहँदैनौ त्यहाँ लगिनेछौ।" १९ कुन किसिमको मृत्युद्वारा तिनले परमेश्वरको महिमा गर्नेछन्, त्यसको सङ्केत गर्दै उहाँले यो भन्नुभएको थियो। यति भनेर उहाँले तिनलाई भन्नुभयो, "मेरो पछि लाग।" (यूहन्ना २१:४-१९)।

पत्रुसले येशूलाई चिनेको छैन भनेर तीनपल्ट अस्वीकार गरेका थिए र उनकै मूखबाट येशूलाई प्रेम गर्छु भन्ने वचन तीन पल्ट माग गर्नुभएको थियो।

अरू चेलाहरूको सामु येशूले आफूप्रति पत्रुसको विश्वास फेरि बसाल्नुभएको थियो र उनलाई उहाँले क्षमा दिनुभयो र आफ्नो कामको निम्ति उहाँले उनमाथी जिम्मा लगाउनुभएको थियो भनेर देखाउनुभएको थियो।

**यूहन्ना २१:१५-१९ फेरि पढ्नुहोस्। यस समय पत्रुसले येशूलाई प्रेम गर्छु भनेर सकारात्मक प्रतिवद्धता देखाएको गहिरिएर हेर्नुहोस्। उनको प्रत्युत्तरमा येशूले के भन्नुभयो?**

परमेश्वरको प्रेम सक्रिय हुन्छ निस्क्रिय होइन अर्थात् कुनै चर्चको गुम्बा वा कुटीमा बसेर प्रेमको भाषण दिने होइन न त जप्ने हो। सच्चा प्रेम न्यानो माया वा भावनामात्र होइन वा कुनै दर्शन वा अवधारणा होइन। सच्चा प्रेममा समर्पणता र प्रतिवद्धता समावेश हुन्छ। प्रेमले केही काम गर्न कर गराउँछ। परमेश्वरका हराइरहेका सन्तानको अत्यावश्यकतिर ध्यान दिन प्रेमले घचेडेको हुन्छ। येशूले पत्रुसलाई भन्नुभयो, "मेरा पाठाहरूलाई ख्वाऊ", यो दुवै आदेश र मनलाई सान्त्वना दिने खालको विश्वसनीयता थियो। हाम्रो स्वामीले प्रेम लुकाएर राख्ने होइन त्यसको जवाफमा केही गर भनेर जिकिर गर्नुहुन्छ। जब येशूलाई पक्रिएको थियो त्यसबेला लज्जास्पदरूपमा पत्रुसले उहाँलाई इन्कार गरेका थिए तैपनि उनबाट काम लिन येशूले खोज्न चाहेका थिए किनभने उनले आफ्नो चर्तिकला वा कमजोरलाई हृदयदेखि पश्चाताप गरेका थिए। पत्रुसले येशूलाई इन्कार गर्नुहुन्छ भनेर भविष्यवाणी गरेको अनुसारमात्र इन्कार गरेका थिइएन तर छाडा मुख छोडेर किरिया खाएर नै उहाँलाई चिनेको छैन भनेर उहाँलाई विश्वासघात गरेका थिए।

त्यसको अर्थ के हो त? कतिपय समयमा तपाईंले येशूलाई नराम्रोसँघ विश्वासघात गर्नुभयो होला वा उहाँलाई चिनेको छैन भनेर उहाँलाई अस्वीकार गर्नुभयो होला। तपाईंको काम, हाऊभाऊ र मुखले उहाँको भक्त तपाईं होइन भनेर तपाईंले देखाउनुभयो होला। सुसमाचार त यो हो कि तपाईंको निम्ति अनुग्रह अझै उपलब्ध छ। तपाईंको जीवनमा परमेश्वरले काम गर्न छोड्नुभएको छैन। यदि तपाईं समर्पित हुनुभयो र चाहनुहुन्छ भने उहाँको कामको निम्ति परमेश्वरले अझै खटाउनुहुन्छ।

**पत्रुसले जस्तै के तपाईंले येशूलाई कहिल्यै इन्कार गर्नुभएको थियो कि? यदि छ भने पत्रुसको इन्कारमात्र होइन पत्रुसलाई येशूले दिनुभएको वचनहरूले तपाईंलाई के भन्दछ?**

## ५. प्रेमको प्रतिवद्धता वा वादा

येशू र पत्रुसको बीचको कुराकानी पछि समुद्रको किनारामा ती दुई जना मानिसहरू हिंडिरहेको हामी देख्छौं। जब समुद्रको छालको पानी समुद्री किनारामा उर्लिन्छ त्यसबेला पत्रुसलाई येशूको चेला हुँदा उनले तिर्नुपर्ने मोलको बारेमा उहाँले जानकारी दिनुहुन्छ। जब "मेरा भेंडाहरूलाई खुवाउन" पत्रुसले स्वीकार्दछन् तब उनले के सामना गर्नुपर्नेछ भनेर स्पष्टरूपमा थाहा होस् भन्ने येशूको चाहना थियो।

**येशूको भक्त, चेला वा अनुयायी हुँदा पत्रुसले के मोल चुकाउनुपर्छ भनेर यूहन्ना २१:१८,१९मा लेखिएको पढ्नुहोस्। पत्रुसको जीवनको यस घडीमा येशूले उनलाई चकित पार्ने कुरा किन भविष्यवाणी गर्नुभएको होला, तपाईंले सोच्नुभएको छ? हेर्नुहोस्, "१८ साँच्चै, म तिमीलाई भन्दछु, जब तिमी जवान थियौ तिमी आफैले आफ्नो पटुका बाँध्थ्यौ, र जहाँ इच्छा लाग्छ जान्थ्यौ। तर जब तिमी बूढ़ा हुनेछौ, तब तिमीले आफ्ना हात पसार्नेछौ, र अरूले तिम्रो पटुका बाँधिदिनेछ, र तिमी जहाँ जान चाहँदैनौ त्यहाँ लगिनेछौ।" १९ कुन किसिमको मृत्युद्वारा तिनले परमेश्वरको महिमा गर्नेछन्, त्यसको सङ्केत गर्दै उहाँले यो भन्नुभएको थियो। यति भनेर उहाँले तिनलाई भन्नुभयो, "मेरो पछि लाग।"**

माथिका वचनहरूद्वारा हामी यो थाहा पाउँछौं कि पत्रुसको मृत्यु कुन किसिमले हुनेछ भनेर येशूले भविष्यवाणी गर्नुभएको थियो। उनको हात क्रुसमा फैलाउनेछ अर्थात् उनलाई क्रुसमा टाँगिएर मारिनेछ। पत्रुस कुन किसिमले मर्नेछ भनेर भविष्यवाणी गर्दै येशूले उनलाई उहाँको पछि लाग्ने कि नलाग्ने भन्ने निर्णय गर्न स्वतन्त्रता दिनुभएको थियो। जीवनको अत्यन्तै महान् आनन्द येशूले पत्रुसलाई उपलब्ध गराउनुभएको थियोः त्यो थियो सुसमाचार फैलाएर परमेश्वरको राज्यमा मानिसहरूलाई हुल्नु। पेन्टिकोस्टको दिनमा हजारौं मानिसहरू येशूलाई विश्वास गर्न पुगेको उनले देख्नेछन्। येशूको नाउँमा उनले धेरै आश्चर्यका कामहरू गर्नेछन् र हजारौंको सामु उनले उहाँको महिमा गर्नेछन्। येशूको लक्ष्यमा सामेल भएर उहाँसँग अनन्त आनन्दको अनुभव उनले पाउनेछन्।

तर त्यो अवसर पाउन पत्रुसले मूल्य चुकाउनुपर्नेछ। यसले त्यागको माग गर्छ, सम्पूर्ण जीवनको चरम त्याग। आफ्नो भविष्यलाई खुलारूपमा हेरेर

येशूको पछि लाग्न वचनवद्ध हुने कि नहुने आत्मनिर्णय गर्ने अपेक्षा पत्रुसबाट गरिएको थियो। अब येशूलाई हृदयदेखि प्रेम गरेपछि वा उहाँको मोहमा फसेपछि यस संसारमा उहाँको लक्ष्यमा सामेल हुन कुनै पनि त्याग ठूलो हुनेछैन भन्ने वास्तविकता पत्रुसले अब थाहा पाएको थियो।

**१ यूहन्ना ३:१६-१८मा प्रेम भनेको कुनै अस्पष्ट र केवल उपदेश छाँट्ने वा कुरा गर्ने वा सान्त्वनादिने खालकामात्र होइन भनेर व्याख्या गरिएको छ। प्रेमको चरम त्याग के हो भनेर यूहन्नाले कसरी व्याख्या गरेका छन्?** हेर्नुहोस्, "१६ *यसैबाट प्रेम के हो हामी थाहा पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो। हामीले पनि आफ्ना दाजुभाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ। १७ कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ? १८ साना बालकहरू, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं।"*

जब हामी अनन्तको राज्यमा पस्छौं तब हामीले जे गरेतापनि त्यो त्याग भएको जस्तो देखिनेछैन। हाम्रो समय र प्रयासको लगानी, हाम्रो जीवनको लगानीलाई परमेश्वरले धेरैभन्दा पनि धेरै फल दिनुहुनेछ। तर, हामीले गरेको प्रेमलाई सक्रियरूपमा चलाउँदा र हामीहरूका सबै नियतहरूलाई परमेश्वरमा समर्पण गरेर त्यसप्रति वचनवद्ध हुँदा हामीले कस्तो आनन्द मिल्नेछ त्यो अनन्तको राज्यमामात्र थाहा पाउनेछौं। येशू ख्रीष्टका राजदूतहरू भएर जब हामी गवाही दिने काममा सेवा गर्न उहाँको ईस्वरीय प्रेमलाई हामी अङ्गाल्छौं तब हामीले हाम्रो जीवनमा भएका कुनै पनि थोकलाई आफूभित्र लुकाएर राख्नेछैनौं। त्यसो गर्दा हाम्रो जीवनको लक्ष्यले सार्थकता पाउनेछ र जीवनको अति आनन्द र खुशियालीको अनुभव गर्नेछौं। येशूले स्पष्टरूपमा व्यक्त गर्नुभएको छ, "यदि तिमीहरूले यी कुराहरू थाहा पाएर त्यसै अनुसार चल्यौ भने तिमीहरू धन्यका हुनेछौ (अर्थात् तिमीहरूले आनन्द वा श्यावास) पाउनेछौ" (यूहन्ना १३:१७ रूपान्तरित)। जब हामी उहाँको प्रेम र सत्यतालाई संसारमा बाँडेर परमेश्वरको महिमा गर्नु नै हाम्रो अस्तित्वको अर्थ हो भन्ने आत्मज्ञानको महसुस गर्छौं र हाम्रो जीवनमा त्यसलाई केवल दर्शन वा उपदेश दिने कुरामात्र होइन तर गरेर नै देखाउने हो भन्ने मनस्थितिमा पुग्छौं तब हामीमा अति ठूलो आनन्द र कहिल्यै नाश नहुने खुशीयालीको अनुभव गर्नेछौं।

**हामीमा भएको केवल थोरै समयले अनन्त कालको अवधारण बुझ्न धेरै गाऱ्हो छ। तर जे भएतापनि अनन्त जीवन भनेकै जीवनको अनन्त असल हो भन्ने कुरालाई सोच्न प्रयास गर्नुहोस्। यस संसारमा तपाईंसँग जे छ र छोटो समयमा हामी जे गर्छौं हामीले येशूमा पाउने अनन्त जीवनको प्रतिज्ञाको दाँजोमा त्यो केही पनि होइन र उहाँले दिनुहुने मुक्तिलाई गुमाउन यथोचित वा मनासिव छैन भन्ने आत्मज्ञानलाई हाम्रो मनमा कसरी सजाइ राख्ने?**

## उपसंहारः

**थप जानकारीः** "चर्चका अगुवा वा आत्मिकरूपमा परिपक्व भएका वा आत्मिकरूपमा अरूको रेखदेख गर्नेभएकाहरूले यस्तो नीती र उपायहरू बनाउनुपर्छ जसले गर्दा चर्चको प्रत्येक सदस्यले परमेश्वरको कुनै कुनै काममा सहभागी हुन अवसर मिलोस्। विगत समयमा प्रायजसो यो क्षेत्रमा वेवास्ता गरिएको छ। विश्‌वासीहरूलाई परमेश्वरको काममा सक्रिय बनाउन र तिनीहरूको दक्षता र प्रतिभालाई प्रयोग गर्न स्पष्ट योजना पनि गरेको छैन न त योजना गरियो भने राम्रोसँग कार्यान्वयन गरिएको हुन्छ। यो अवधारणा प्रयोगमा नल्याउँदा परमेश्वरको काम गर्ने अवसरहरू गुमाइरहेको केवल थोरैलेमात्र महसुस गर्दछन्। परमेश्वरको कामको निम्ति अगुवाहरू बुद्धिमानी सेनापतिहरू जस्तो हुनुपर्छ जसले आफूहरू अघि बढ्न योजना बनाउँछन्। जब चर्चका अगुवाहरूले योजना बनाउँछन् तब तिनीहरूले साधारण वा चर्चको तलब नखाने विश्वासीहरूलाई कसरी समावेश गर्ने भन्ने विषयमा अध्ययन गर्नुपर्दछ ताकि तिनीहरूले आफ्ना मित्र र छिमेकीहरूलाई सुसमाचार सुनाउन राजि होस्। जबसम्म चर्चका पुरुष र स्त्री सर्वसाधारण सदस्यहरू चर्चका पास्टर र अगुवा तथा पदाधिकारीहरूसँग एक भएर काँधमा काँध मिलाएर काम गरिन्दैन तबसम्म यस पृथ्वीमा परमेश्वरको काम कहिल्यै पनि सिद्धिन्दैन।

"पापीहरूको मुक्तिको निम्ति व्यक्तिगत परिश्रम र इमान्दारिताको आवश्यकता छ। तिनीहरूकहाँ परमेश्वरको वचन हामीले पुऱ्याउनुपर्छ तिनीहरू हामीकहाँ आऔस् भनेर पर्खिनुहुन्न। येशूलाई विश्वास गर्ने पुरुष र स्त्रीको मनमा परमेश्वरको निम्ति लगनशील भएर काम गर्ने भावना जागृत गराएर उत्साहित बनाउन मैले बोल्नुपाए कस्तो रमाइलो हुन्थ्यो! हामीले अहिले पाएको समय थोरै छ। हामी अनन्त संसारको सिमानामै अहिले उभिरहेकाछौं। बर्वाद गर्ने वा खेर फाल्ने समय अहिले छैन। प्रत्येक क्षण सुनौलो क्षण हो र

आफ्नोमात्र भलाइ खोज्ने बानीमा लाग्दा हामीले अमूल्य समय खेर फालिरहेकाछौं। भित्री हृदयदेखि परमेश्वरलाई कसले खोजिरहेको छ र सुसमाचार सुनाउने क्षेत्रमा विश्वाससाथ काम गर्न उहाँबाट बल र अनुग्रह खिँच्न कसले चाहन्छ?

"प्रत्येक चर्चमा दक्ष जनशक्ति छ र प्रतिभाहरूले सुसज्जित भएको बिश्वासी छ र ठीक खालको परिश्रम गर्ने बानी बसाल्न सकियो भने परमेश्वरको कामको निम्ति ठूलो सहयोग मिल्नेछ। हाम्रा चर्चहरूको उत्थान गर्न बुद्धिमानी श्रमजीविहरूको आवश्यक छ जसले चर्चमा भएका विभिन्न दक्षता, प्रतिभा र सिप भएका मानिसहरूलाई पहिल्याउँदै स्वामीको कामको निम्ति शिक्षित बनाउन सकोस्। î एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ९, पृ. ११६,११७बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ.** **माथि एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको सोचको मूल विषयबस्तु के हो? तपाईंको आफ्नै व्यक्तिगत गवाही दिने क्रममा र चर्चको सुसमाचारीय प्रचार कार्यक्रममा त्यस भनाईले तपाईंलाई कस्तो प्रभाव पार्न सक्छ?**

**आ.** **सक्कली वा निस्वार्थी प्रेम कसरी प्रकट गर्ने? देखावटी र नक्कली प्रेम के हो जुनसँग सक्कली प्रेमसँग कमै सरोकार छ?**

**इ.** **परमेश्वरको निम्ति त्याग गरिएका मानिसहरूको बारेमा सोच्नुहोस्। कतिपय समयमा त आफ्ना ज्यानहरू तिनीहरूले गुमाउनु परेको थियो। तिनीहरूको कथाबाट तपाईंले के सिक्नसक्नुहुन्छ?**

**ई.** **येशू ख्रीष्टको निम्ति तपाईंले के त्याग गर्नुभएको छ? त्यो त्याग किन गर्नुभयो? के त्यो किम्मती थियो? उहाँलाई विश्वास गर्न तपाईंले के त्याग्नुभयो र किन त्याग्नुभयो त्यो येशूलाई विश्वास नगर्नेलाई कसरी सुनाउन सक्नुहुन्छ?**

## कथा १३
## दुई वर्षसम्मको गर्भ

**- आन्ड्र्यु मेकचेस्नी**



अफ्रिका महादेशको गिनि कन्केरी निबासी फान्टा क्यामरा आफ्नो पेटमा पोको देखिएकोमा अत्यन्तै खुशी भएकी थिइन्। तर जब त्यो पोको ठूलो हुँदै गयो तब उनी आफै बिरामी हुन पुगिन्।त्यो पोको सहनै नसक्ने भएपछि उनी अस्पताल भर्ना भइन्।

जब डाक्टरले उनको पेट छामे तब डाक्टरले भने "तपाईंमा भएको पेट गर्भ होइन।"

फान्टाले डाक्टरको कुरालाई विश्वासै गर्न सकिनन् किनभने उनको नातेदार नर्सले उनी गर्भवती भएको र उनीभित्र बच्चा भएको कुरा सुनाएकी थिइन्। जसको कारण उनी अत्यन्तै खुशी भएकी थिइन्। तर जब उनी बिरामी भइन् तब उनको नातेदार नर्सले उनलाई सहायता गर्न सकिनन्। त्यसकारण उनी अस्पतालमा गइन्। जब डाक्टरले उनी गर्भवती नभएको कुरा सुनाए तब उनी निराश भइन्। डाक्टरप्रतिको अविश्वासले उनी अर्को अस्पतालमा गइन् त्यहाँ पनि उनी गर्भवती नभएको कुरा डाक्टरले सुनाए। तब उनी तेस्रो अस्पतालमा गइन्। त्यहाँको डाक्टरले उनलाई भने "तिमी गर्भवती छौ।" तर उनको बिरामी उनले थाहै पाएनन्।

जब हप्तौं वित्यो तब उनी झन् झन् साह्रो भइन्। उनी हिंड्न पनि नसक्ने अवस्थामा पुगिन्।

आफ्नो पेटमा पोको परेको पाँच महिनापछि एक जना अपरिचित मानिस उनको सुत्ने कोठामा आयो। उसको खुट्टा र पाइतालाहरू मानिसको जस्तो थियो तर उसको छातीमा चितुवाको अनुहार थियो। त्यो देखेर उनी तर्सिन्। "तिम्रो पेटमा बच्चा हुनेछैन," भन्दै त्यस अपरिचित व्यक्ति कोठाको भित्ताबाटै गाएब भएको उनले देखिन्।

अर्को रात पनि त्यो अपरिचित मानिस फेरि त्यही सुत्ने कोठामा आयो। "तिम्रो पेटमा बच्चा हुनेछैन" भन्दै त्यो व्यक्ति फेरि बिलाएर गयो। प्रत्येक रात त्यो अपरिचित व्यक्ति फान्टालाई भेट्न आउँदथ्यो।

एक वर्ष बित्यो। दुई वर्ष बित्यो। तीन वर्ष सुरु हुन लागेको थियो फान्टा अझै पनि गर्भवती जस्तै देखिन्थिन् तर उनलाई भने पीडा भएको थियो। अनि उनले ट्रान्क्विल फासिनाडुओनोलाई सम्झिन्। आफू बसेको छरछिमेकीहरूमा केवल ट्रान्क्विल एक जनामात्र इसाई थिइन् तर फान्टाले उनलाई वास्ता गरेकी थिइनन्। तर अब उनी साह्है पीडामा थिइन्। उनले ट्रान्क्विललाई बोलाइन् र उनीसँग सहायता मागिन्। उनको कथा सुनेपछि ग्लोबल पायोनियर ट्रान्क्विलले तीन दिनसम्म उपबास बसेर परमेश्वरसँग बुद्धिको निम्ति प्रार्थना गरिन्।

अनि उनी फान्टाकहाँ गइन् र बाइबल पल्टाएर एफिसी ६:१२ पढिन् जहाँ लेखिएको थियो " किनकि हाम्रो युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो।"

अनि ट्रान्क्विलले त्यस घरमा भएको अदृश्य आत्मिक दूतहरूलाई सम्बोधन गर्दै भनिन् "जो जो येशूको नाउँ नस्वीकार्ने दुष्ट आत्मा येशूको नाउँमा तुरुन्त यहाँबाट भाग् भनि म आदेश दिन्छु।" अनि फान्टातिर फर्कन्दै उनले भनिन्, "यदि दुष्ट आत्मा तपाईंले फेरि देख्नुभयो भने त्यसलाई येशूको नाउँमा हकारेर धपाउनुहोस्।"

त्यस रात, जब फान्टा आफ्नो ओछ्यानमा पल्टिरहेकी थिइन् त्यो दुष्ट आत्मा फेरि आयो। त्ससले बोल्नुभन्दा अगाडि फान्टाले भनिन् "येशूको नाउँमा तुरुन्तै यहाँबाट निस्की।" अनि धुवाँको बादलजस्तै त्यो दुष्ट आत्मा त्यहाँबाट अलप भयो र फेरि कहिल्यै पनि देखा परेन।

त्यसको तीन दिनपछि फान्टाले एक स्वस्थ्य बालक जन्माइन्। "म अब येशूलाई विश्वास गर्छु" फान्टाले यी लेखकलाई खुशीहुदै सुनाइन्।

---------------------------------------------------------------------------

*तपाईंले दिनुहुने यस त्रैमासिक भेटीको केही भाग गिनी र पश्चिम-मध्य अफ्रिका डिभिजनका मानिसहरूलाई येशूको बारेमा सुनाउन सहयोग मिल्नेछ।*